नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८
☎ ५२००३२
फयाक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं. ५६४६

मिति: २०७८।०१।१७

**विषय: कोभिड-१९ संक्रमण न्यूनीकरण गर्न धार्मिक, सांस्कृतिक कृत्य, राजनीतिक नाममा भीडभाड वा मेला जस्ता गतिविधि नगर्न नगराउन ।**

श्री स्थानीय तह (१७ वटै), सिरहा।

कोभिड-१९ संक्रमणको नयाँ स्वरुपबाट सिरहा जिल्लामा यो अनुरोध पत्र लेख्दासम्म हाल ३ जनाको दुःखद निधन भै सकेको र पोजेटिभ केस समेत दिनहु बढ्दो क्रममा रहेको विदितै छ।

कोभिड-१९ संक्रमणको नयाँ स्वरुपको अति जोखिम न्यूनीकरण गर्न जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) सिरहाबाट मिति २०७८/०१/०६, २०७८/०१/०९ र २०७८/०१/१३ मा भएका निर्णय कार्यान्वयन गर्न गराउन त्यहाँ इमेलबाट समेत अनुरोध भएकै छ।

हाल- शहर तथा ग्रामीण क्षेत्र समेतमा सर्वसाधारणको बढ्दो असावधानीबाट जोखिम अझै बढ्ने हुँदा समयमै देहायका विषयमा वडा र समुदायस्तर समेतबाट सर्वसाधारणमा सचेतना फैलाई दिन अनुरोध छ ;

१. धार्मिक सांस्कृतिक कृत्य, राजनीतिकको नाममा भीड भाड वा मेला जस्ता गतिविधि नगर्न नगराउन। यसमा कूनै तह/निकाय/आयोजकले कहीबाट अनाधिकृत स्वीकृत लिई वा आफुखुसी गरे गराएमा त्यस्ता आयोजक/पदाधिकारी स्वंय जिम्मेवार भै कानूनी कारवाही भोग्न तयार हुनुपर्ने।
२. विद्याल्यहरुमा हुने भौतिक उपस्थितिको कक्षा तथा परीक्षा नेपाल सरकार वा CCMC को अर्को आदेश नहुँदा सम्म स्थगन गरी अनलाइन/भर्चुअल जस्ता वैकल्पिक उपाय अवलम्वन गरी शिक्षण सिकाई अवलम्वन गर्ने गराउने।
३. न.पा./गा.पा.ले ठेक्का लगाई वा नलगाई आ-आफ्नो पालिकामा लगाएका वा लाग्ने हाट बजारलाई रोकी स्वास्थ्य सुरक्षाका मापदण्ड अनिवार्य रुपमा अवलम्वन गर्ने गरी खरिद विक्री गर्ने कार्यलाई व्यवस्थित गर्ने गराउने।

क्रमशः.............................

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)


प.सं. :- ०७७/०७८
च.नं.

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८
५२००३२
फ्याक्स ५२००९९


४. कपाल काट्ने- शैलुन, सार्वजनिक तथा निजी सवारी, होटल समेतमा अनिवार्य रुपमा स्वास्थ्य सुरक्षाका मापदण्ड पालन गर्ने गराउने।
स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरेर मात्र होटल/रेष्टुरा विहान ८:०० बजे देखि अपरान्ह ८:०० सम्म मात्र चाल्ने, सो समय वाहेक होम डेलिभरी दिन भने सकिने।

५. कुनै पनि पसल/वर्कसप/व्यवशाय/कार्यालयका सेवा- मास्क लगाई, स्यानीटाईजर प्रयोग गरी वा आवश्यक्ता अनुरुप सावुन पानीले हात धोई र दुरी कायम गरेर मात्र, दिने/लिने।

DCMC को सवै निर्णय कार्यान्वयन गरी प्रतिवेदन गर्नु हुन।

प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी
प्रमुख जिल्ला अधिकारी

**बोधार्थ:**

श्री गृह मन्त्रालय
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा/विपद् पूर्वतयारी तथा प्रतिकार्य शाखा
सिंहदरवार, काठमाडौं।
श्री गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरवार, काठमाडौं।
श्री कोभिड-१९ संकट व्यवस्थापन केन्द्र
छाउनी, काठमाडौं।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं.२, जनकपुरधाम, धनुषा।
श्री शेर गण, चोहर्वा, सिरहा।
श्री जिल्ला प्रहरी कार्यालय, सिरहा : **कडाईका साथ नियमन गर्नु हुन।**
श्री सशस्त्र प्रहरी बल नेपाल नं. ७ गण, हे.क्वा., सिरहा : **कडाईका साथ नियमन गर्नु हुन।**
श्री स्वास्थ्य कार्यालय, सिरहा : **कडाईका साथ नियमन गर्नु हुन।**
श्री शिक्षा विकास तथा समन्वय इकाई, सिरहा : **कडाईका साथ नियमन गर्नु हुन।**
नेपाल पत्रकार महासंघ, जिल्ला शाखा, सिरहा।
श्री उद्योग वाणिज्य संघ, सिरहा।